# भाषाशिक्षणमा व्यवहारवादी एवम मनोवादी दर्शनको प्रभाव

✍ **विष्णुप्रसाद आचार्य**
**(दर्शनाचार्य शोधार्थी, नेपाल खुला विश्वविद्यालय)**

**लेखसार**

*प्रस्तुत लेख भाषा शिक्षण सिकाइमा व्यवहारवादी एवम् मनोवादी दर्शनसँग सम्बन्धित छ। भाषाका सिपहरू सिकाउने उद्देश्यले गरिने शिक्षण भाषा शिक्षण हो । भाषा सिकाइलाई परिष्कृत गर्दै निश्चित आकार दिन वातावरणको भूमिकालाई जोड दिने शैक्षिक दर्शनलाई व्यवहारवाद भनिन्छ । मनोवाद आन्तरिक मानसिक प्रक्रियाहरू, संज्ञानात्मक रणनीतिहरू र आलोचनात्मक सोचको विकासमा केन्द्रित भएको पाइन्छ। व्यवहारवादी एवम् मनोवादी दर्शनको भाषा शिक्षणका क्षेत्रमा के कस्तो प्रभाव रहेको छ ? भन्ने मूल समस्यामा केन्द्रित भएर प्रस्तुत लेख तयार पारिएको छ । व्यवहारवादी र मनोवादी सिकाइ दर्शनहरूलाई सैद्धान्तिक आधार मानी प्रस्तुत लेखमा पुस्तकालयीय सामग्रीहरूको गहन अध्ययनपश्चात् वर्णनात्मक तथा व्याख्यात्मक पद्धतिबाट गुणात्मक अध्ययन विधिलाई अवलम्बन गरी निष्कर्ष निकालिएको छ । भाषा शिक्षणका क्षेत्रमा व्यवहारवादी दर्शनले सबैभन्दा बढी प्रभाव पारेको छ भने विद्यमान समयमा मनोवादी दर्शनको पनि महत्वपूर्ण प्रभाव रहेको पाइन्छ । यद्यपि उल्लिखित दुवै दर्शनको प्रभावमा वर्तमान समयको भाषा शिक्षण अघि बढेको छ । वर्तमानमा आन्तरिक मानसिक प्रक्रियाहरू र अर्थ निर्माणमा जोड दिने मनोवादी मान्यतासँग अवलोकन योग्य व्यवहार र वातावरणीय उत्तेजनाहरूमा ध्यान केन्द्रित गर्ने व्यवहारवादी दर्शनलाई एकीकृत गरी भाषा शिक्षण सिकाइ कार्यकलाप गर्न थालिएको देखिन्छ । प्रस्तुत लेखमा व्यवहारवादी तथा मनोवादी दर्शनको भाषा शिक्षणमा ठूलो प्रभाव रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जिका :** पुनर्बल, भाषा शिक्षक, भाषा पाठ्यक्रम, संज्ञानात्मक इत्यादि ।

## विषयप्रवेश

भाषा मानवीय एवम् सामाजिक वस्तु हो । यसको सम्बन्ध मानव मन तथा समाजसँग हुन्छ । भाषाबिना मानवीय अस्तित्व पनि सम्भव हुँदैन । जसले गर्दा हरेक मानवीय विचारको विनिमयमा भाषा नै अपरिहार्य एवम् महत्त्वपूर्ण हुने गर्दछ । भाषाकै माध्यमबाट व्यक्तिगत इच्छा, चाहना, आकाङ्क्षा जाहेर हुन्छन् । त्यसो भएकाले भाषा मानव जीवनको सबैभन्दा महत्वपूर्ण विषय हो । यसको शिक्षण भाषिक सञ्चार, सम्प्रेषण, आपसी विचार विनिमय आदिलाई सशक्त एवम् प्रभावकारी बनाउन गरिन्छ । सामान्यतः भाषाका विभिन्न सिपहरू सिकाउने प्रक्रिया नै भाषा शिक्षण हो । भाषा शिक्षणबाट व्यक्तिमा राम्ररी सुन्न, अरूले बुझ्ने गरी स्पष्टसँग बोल्न, शुद्ध र स्पष्टसँग पढेर बोध गर्न र भाषिक नियम र मर्मअनुरूप अर्थपूर्ण तवरले लेख्न सक्ने जस्ता सिपहरू विकास गराउने लक्ष्य लिइएको हुन्छ (पौडेल, २०६६, पृ.२) । यस दृष्टिले हेर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै

भाषिक सिपमा सिकारुलाई सक्षम बनाउने लक्ष्य भाषा शिक्षणले लिएको हुन्छ । नेपाली भाषाका सन्दर्भमा पनि भाषिक सिप एवम् प्रकार्यको शिक्षण भाषा शिक्षणको मूल उद्देश्य रहेको हुन्छ र सोही दिशातर्फ शिक्षण केन्द्रित हुनुपर्छ । भाषा पाठ्यपुस्तकामा साहित्यिक तथा साहित्येतर दुवै खालका विषयवस्तु समावेश गरेको हुन्छ र यो आवश्यक पनि छ परन्तु शिक्षण गर्दा उक्त विषयवस्तु सिकाउने नभई भाषिक सिपको सामर्थ्य अभिवृद्धि गर्ने, अभ्यास र प्रयोग पक्षमा विशेष जोड दिने तथा बोध र अभिव्यक्ति सिपमा बढावा दिने गर्नुपर्छ (पौडेल, २०६६, पृ.२) । अतः भाषा शिक्षण विद्यार्थीहरूका लागि अनावश्यक बोझिलो नभई सुरुचिपूर्ण र रमाइलो वातावरण निर्माणतर्फ केन्द्रित हुनुपर्छ जसले उनीहरू थाहै नपाई भषा सिक्न सकुन् । भाषा शिक्षकलाई सबै थोक जान्ने व्यक्ति मान्ने परम्परागत दृष्टिकोणले विद्यार्थीलाई श्रोताका रूपमा मात्र हेर्ने गर्दथ्यो । शिक्षकहरूले दिएको प्रवचन सुनेर विद्यार्थीहरू भाषामा सक्षम बन्दै जाने उक्त परम्परा समयक्रमसँगै विभिन्न शैक्षिक दर्शनको अभ्युदय भएपछि परिवर्तन हुँदै आएको पाइन्छ ।

भाषाशिक्षण प्रारम्भमा व्यवहारवादद्वारा प्रभावित रहेको बुझिन्छ । उक्त सिकाइ दर्शनले विद्यार्थीहरूलाई नियन्त्रित वातावरणमा निर्दिष्ट क्रियाकलाप गराई शिक्षण गर्नुपर्छ भनी सोहीअनुरूप मार्गदर्शन गरेको पाइन्छ । विद्यार्थी कोरा हुन्छ जसले गर्दा उसलाई सही वातावरण दिन सके उसमा भाषिक क्षमता उजागर हुन्छ भन्दै पुनर्बल र प्रतिक्रिया, पुरस्कार र दण्ड, नियन्त्रित वातावरण आदि जस्ता कुराहरूलाई भाषा सिकाइका प्रक्रियाका रूपमा यस दर्शनले आफ्नो मान्यता अघि सार्‍यो । यसले सिकाइको कारकका रूपमा वातावरणलाई प्रमुख ठान्यो जसले भाषा सिकाइका क्षेत्रमा ठूलो प्रभाव पार्न सफल भयो जुन अहिले पनि उत्तिकै प्रभावशाली बनिरहेको पाइन्छ । यस दर्शनले सिकारुका मानसिक प्रक्रियालाई भाषा सिकाइमा नजोडेको हुँदा यसको विपरित धारका रूपमा मनोवादी दर्शन देखा पर्‍यो जसले भाषा प्राप्ति वा सिकाइ मनोगत हुन्छ, भाषिक क्षमता व्यक्तिमा जन्मजात नै रहेको हुन्छ र त्यो उमेर र वातावरणको सहचार्यबाट व्यक्तिले प्राप्त गर्दछ भन्ने जस्ता भाषा सिकाइसम्बन्धी धारणा राखेको पाइन्छ । मनोवादी दर्शनले बालबालिकामा LAD अर्थात् भाषा प्राप्ति उपकरण जन्मजात नै हुन्छ जुन उमेरसँगै उपयुक्त वातावरणको सान्निध्यबाट प्रकाशमा आउँछ भनी चर्चा गरेको पाइन्छ (शर्मा र शर्मा, २०६८) । त्यसैगरी भाषा शिक्षकले भाषा शिक्षण गर्दा विद्यार्थीहरूको रुचि, आवश्यकता, चाहना आदि सबै विषयहरूलाई राम्ररी बुझेर मात्र गर्नुपर्छ भन्ने बालकेन्द्रीत दृष्टिकोण यस दर्शनको रहेको छ ।

प्रस्तुत आलेखमा भाषा शिक्षणमा व्यवहारवादी एवम् मनोवादी दर्शनको प्रभाव के कस्तो रहेको छ भन्ने कुराको खोजी गरिएको छ । यसका लागि व्यवहारवादी दर्शनका विभिन्न सिद्धान्तमध्ये बी.एफ. स्किनरको सिद्धान्त र मनोवादी सिद्धान्तमध्ये जीन पियाजेको संज्ञानवादी सिद्धान्तलाई मूल आधार बनाइएको छ । यिनै दुई मान्यताका आलोकमा भाषा शिक्षण सिकाइ कार्य के कसरी हुन्छ भनी नियाल्ने काम गरिएको छ । त्यसमा पनि यी दुवै दर्शनका सीमित पक्षहरूलाई मात्र उपयोगमा

ल्याइएको हुँदा व्यवहारवाद एवम् मनोवादका सम्पूर्ण पक्षहरूलाई लेखले समेटेको छैन । अतः यिनै सीमित मान्यताका आधारमा लेख निष्कर्षमा पुगेको छ ।

## अध्ययनको उद्देश्य

कुनै पनि कार्य उद्देश्य बिना पूरा हुन सक्दैन । अतः प्रस्तुत अध्ययन पनि निश्चित उद्देश्य राखेर तयार पारिएको छ । भाषा शिक्षणमा व्यवहारवादी एवम् मनोवादी दर्शनको प्रभाव खोजी गर्नु नै यस अध्ययनको मूल उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अध्ययन विधि अनुसार नै तयार गरिएको छ । लेखमा गुणात्मक अध्ययन विधिको वर्णनात्मक तथा व्याख्यात्मक ढाँचालाई उपयोग गरिएको छ । प्रस्तुत लेखको सामग्रीका रूपमा पुस्तकालयीय सामग्रीलाई अधिकाधिक उपयोग गरिएको छ । अध्ययनका क्रममा भाषा शिक्षण एवम् व्यवहारवादी र मनोवादी दर्शनसँग सम्बन्धित पाठ्यपुस्तक, शोध तथा विभिन्न लेखरचनाहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । अध्ययनको सैद्धान्तिक आधार व्यवहारवादी एवम् मनोवादी दर्शन हो । यिनैलाई मूल रूप मानी निष्कर्ष निकालिइएको छ ।

## अध्ययनको सैद्धान्तिक पर्याधार

व्यवहारवादलाई व्यवहारको वैज्ञानिक अध्ययन गर्ने स्थापित वाद वा शैक्षिक दर्शनका रूपमा चिनाइएको पाइन्छ । यस दर्शनले मनोवैज्ञानिक परिकल्पनाको लागि व्यावहारिक प्रमाणको माग गरेको छ । यसमा मानवेतर (पशु) व्यवहारको मनोवैज्ञानिक परीक्षण गरेर मानवीय व्यवहारको व्याख्या गरिन्छ (झौ र ब्राउन, सन् २०१४, पृ.५) । यसले मनोविज्ञानलाई व्यवहारको विज्ञानका रूपमा हेरेको पाइन्छ । मानव व्यवहारको मुख्यस्रोत वातावरणलाई मान्दै यसले सिकारुहरूको सिकाइमा महत्त्वपूर्ण भूमिका खेलेको छ । व्यवहारवादी मनोवैज्ञानिकहरूले संरचनावादी भाषा वैज्ञानिक फर्डिनान्ड डी सस्युरको भाषिक मान्यताबाट सार ग्रहण गरी सिकाइलाई उत्तेजना र प्रतिक्रियाको प्रतिफलका रूपमा चिनाएका छन् (स्नाइटर, सन् १९९९) । यस दर्शनका पिताका रूपमा जे.बी. वाट्सनलाई मान्ने गरिन्छ भने इभाान पी. प्याभलव, बी.एफ.स्किनर, ई.एल. थर्नडाइकलगायतलाई प्रभावशाली विद्वान्का रूपमा हेरिन्छ । त्यस्तै यस दर्शनले सिकारुका लागि उसको वरिपरिको वातावरण, वस्तु र अवस्थाहरूप्रतिको प्रतिक्रिया देखाउनु नै सिकाइ हो भन्ने धारणा राखेको छ (स्टाट्स, सन् १९८८) । भाषा प्राप्ति हुन भाषिक प्रतिक्रिया जति सक्दो बढी हुनुपर्छ जसले भाषिक ज्ञानलाई मजबुत र दिगो बनाउँछ भन्ने मान्यतामा यो दर्शन टिकेको देखिन्छ । प्रस्तुत लेखमा सिकाइ वातावरणलाई सिकारुहरूसँग साक्षात्कार गराउँदै उद्दीप्त तुल्याउनु पर्छ र विद्यार्थीहरूलाई भाषा सिकाइमा संलग्न गराउनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । भाषा सिकाइमा उद्दीपक वातावरण सिर्जना गरी सिकारुलाई सिकाइमा संलग्न गराउनु पर्छ भन्ने दृष्टिकोण यसको

रहेको देखिन्छ । भाषा सिकाइमा उद्दीपक वातावरण सिर्जना गर्न शिक्षकले विद्यार्थीहरूलाई निरन्तर उत्प्रेरित गर्दै प्रोत्साहित गर्नुपर्छ । यस कार्यले उनीहरूमा भाषा सिकाइमा सबलीकृत परिस्थिति निर्माण हुन गई भाषिक ज्ञान प्राप्त हुन्छ भन्ने मान्यता यस दर्शनको सार हो (लम्साल, गौतम र अधिकारी, २०६०/२०६७) । भाषा सिकेर मात्र प्राप्त हुन्छ, सिकाइका लागि पुनर्बल महत्वपूर्ण हुन्छ, सकारात्मक पुनर्बलले सकारात्मक प्रतिक्रियाहरू सबलीकृत हुँदै जान्छन् भने नकारात्मक पुनर्बलले नकारात्मक वा कमजोरीहरू न्यूनीकरण हुँदै जान्छन्, नियन्त्रित वातावरणले मात्र सिकाइ सबलीकृत हुन्छ जुन पटक पटकको अभ्यासद्वारा सबल र दिगो बन्दछ, बारम्बारको प्रयत्न र भूल हुँदै सिकाइ हुन्छ, सिकाइको अन्तरालले सिकाइलाई भुलाउँछ, भाषा उत्तेजना र प्रतिक्रियाको प्रतिफल हो, अभ्यास र पुनरावृत्तिबाट भाषा सिकिन्छ भन्ने जस्ता भाषा सिकाइसँग सम्बन्धित मान्यताहरू यस सिद्धान्तले अघि सारेको देखिन्छ । भाषा सिकाइमा अभ्यास र पुनरावृत्तिको अपरिहार्यता प्रस्तुत गर्दै भाषालाई सिकेर सिकिने कला वा सिपका रूपमा ग्रहण गर्नु अनि सोही आदत निर्माणद्वारा भाषा प्राप्ति सबल हुन्छ भन्ने धारणा भाषा सिकाइका क्षेत्रमा व्यवहारवादको महत्वपूर्ण उपलब्धिका रूपमा रहेको छ (सापकोटा र अधिकारी, २०६८) । त्यसैगरी सिकारुमा भाषा सिक्नका लागि रुचि वा उत्तेजना आवश्यक छ भन्दै सिक्ने रुचि र उत्तेजनाका भाषामूलक क्रिया र प्रतिक्रियामा भाषा सिकाइ टिकेको हुन्छ भन्नु यसको महत्वपूर्ण प्राप्ति रहेको पाइन्छ । सिकाइमा पुनर्बल र सजायको भूमिकालाई चर्चा गर्दै संसारको निर्माण मानिसले नभएर संसारले मानिसको निर्माण गर्दछ (भ्mौ र ब्राउन, सन् २०१४, पृ.४) भन्ने स्किनरको व्यवहारवादी मान्यतामा सबैभन्दा बढी यो दर्शन टिकेको देखिन्छ । यति हुँदाहुँदै पनि यस दर्शनका केही कमीकमजोरी पनि रहेका छन् । यस दर्शनले जनावरहरूमा गरिएको प्रयोगका आधरमा भाषा सिकाइको मान्यता अघि सारेको छ । जनावरहरूले असचेत रूपमा नै सिकाइ गर्दछन् तर मानिस बौद्धिक र चेतनशील प्राणी भएको हुँदा उसको सिकाइ कसरी असचेत रूपमा सम्भव छ ? अनि उसको क्षमतालाई जनावरसँगै कसरी तुलना गर्न उचित हुन्छ ? उसमा रहेको जन्मजात भाषिक क्षमतालाई बेवास्ता गरिनु उचित हुन्छ र ? भन्ने जस्ता सबालहरू उठाउँदै मानिसमा भाषा प्राप्ति हुने यस प्रकृतिको मान्यता किमार्थ उचित हुँदैन अनि जनावरहरूमा गरिएको परीक्षण र त्यसको प्राप्तिलाई कसरी मानिसमा उस्तै मानी लागू गर्न सकिन्छ ? यो कमीवादी र यान्त्रिक हुन्छ (स्नाइटर, सन् १९९९) भनी यस शैक्षिक दर्शनको आलोचना भएको देखिन्छ । यसर्थ मानिसको भाषिक क्षमतालाई उपेक्षा गर्नु, भाषा प्राप्तिलाई व्यक्तिको सुझमा आधारित बौद्धिक प्रतिक्रिया नठानी वातावरणको यान्त्रिक प्रक्रिया मात्र ठान्नु अनि पशु र मानिसको सिकाइलाई एउटै कसीमा ढालेर प्रस्तुत गर्नुले व्यवहारवादी भाषिक दर्शन कमजोर र कमीवादी साबित भएको पाइन्छ ।

भाषा सिकाइमा मनोवादी सिद्धान्त व्यवहारवादको विरुद्धमा आएको सिकारुकेन्द्री र वैज्ञानिक सिद्धान्तका रूपमा चिनिन्छ । यसका अनुसार सिकारुहरूको भाषा सिक्ने प्रक्रिया र क्षमता फरक

फरक हुन्छ अथवा सिकारुको जन्मजात गुण, क्षमता र परिपक्वताका आधारमा भाषा सिकाइ र परिष्कृत हुँदै जान्छ (काउन, लङ्गर, हेभेनरिच र नाथान्सन, सन् १९६९) । भाषा सिकाइलाई बाह्य व्यवहारका रूपमा मात्र नहेरेर आन्तरिक जटिल बौद्धिक एवम् मानसिक प्रक्रियाका रूपमा हेर्नु यस दर्शनको भाषिक मान्यता रहेको पाइन्छ । भाषा सिक्दा सिकारुले ध्वनि, शब्द, टेलिग्राफिक र पूर्ण वाक्यात्मक हुँदै क्रमशः सिक्दछ, । उमेरको बृद्धिसँगै भाषा सिकाइ जटिल बन्दै जान्छ, उसमा जन्मजात भाषिक क्षमता हुन्छ जुन भाषा व्यवहार र वातावरणको साक्षत्कारबाट परिष्कृत हुँदै निपुणतातर्फ उन्मुख हुन्छ, भाषिक सामर्थ्य व्यक्तिपिच्छे फरक फरक हुन्छ, । भाषा अपूर्णबाट पूर्णतर्फ लक्षित हुन्छ आदि जस्ता भाषा सिकाइका व्यक्तिपरक मान्यता यस दर्शनले अघि सारेको देखिन्छ । यसले मानवीय भाषा सिकाइकै प्रक्रियालाई लामो अध्ययन अनुसन्धापछि आफ्नो मान्यता प्रकाशमा ल्याएको पाइन्छ । यस दर्शनलाई अब्राहम नोम चम्स्की, जीन पियाजे, लेभ भिगोत्स्की, अल्बर्ट बान्डुरा, कुड कोफ्का, उल्फग्याङ कोहलर आदि जस्ता प्रसिद्ध भाषाशास्त्री एवम् मनोवैज्ञानिकहरूले प्रकाशमा ल्याउने र चर्चा गर्ने काम गरेका छन् । उनीहरूले मानिसको भाषा सिकाइ जनावरहरूको जस्तो नभएर सावधानीपूर्वक हुने तर्क अघि सारेका छन् । बालबालिकाहरूमा जन्मजात रूपमा रहेको भाषिक क्षमता उमेर र वातावरणको प्रत्यक्ष प्रभावले बाहिर प्रकाशमा आउँछ जुन उनीहरूको संज्ञान र समझको प्रतिफल हो भन्नु यस दर्शनको महत्वपूर्ण मान्यता हो । यस दर्शनका अनुसार बालकले बाह्य वातावरणको साहचर्यमा सिकाइ गर्दछ यद्यपि सिकाइ उमेर बृद्धिसँगै चरणबद्ध हुन्छ (झौ र ब्राउन, २०१४, पृ.१३) भन्ने मनोवादी/संज्ञानवादी दर्शनले सिकारुलाई नै केन्द्र मानेको पाइन्छ । भाषा सिकाइमा कुनै निश्चित नियम, परिधि वा वातावरण मात्र हुँदैन यो जुनसुकै परिवेशमा भिन्न भिन्न तवरले हुन्छ । सिकारुले प्राप्त गरेको स्वतन्त्र एवम् पर्याप्त वातावरण उसको सिकाइको मूल आधार हो जसले उसको भाषिक क्षमता वृद्धि हुन्छ, सिकाइमा कुनै नियन्त्रित र कृत्रिम वातावरण हुनु हुँदैन भन्ने जस्ता मानववादी भाषा सिकाइ मान्यता यस दर्शनले अघि सारेको देखिन्छ । बालबालिकाहरूको उमेरगत विकाससँगै चरणगत रूपमा व्यवहार, चिन्तन तथा धारणाहरू परिवर्तन र विकसित हुँदै जाने मान्यता यस सिद्धान्तले अघि सारेको छ (कुहन, सन् १९७९) । यसरी हेर्दा मनोवादी दर्शनले बालबालिकामा अन्तर्निहित गुण वा क्षमता हुन्छ र त्यो बाहिरी वातावरणमा साक्षात्कार हुँदै क्रमशः विकसित हुँदै जान्छ भन्ने मान्यता मूल रूपमा राखेको पाइन्छ । बालबालिकाको सिकाइमा कक्षाकोठाको वातावरणलाई बालमैत्री बनाउने कुरामा जोड दिँदै बालबालिकाको परिपक्वताअनुरूप पाठ्यक्रम निर्माण गरी प्रयोग गर्न यो सिद्धान्त उपयोगसिद्ध भएको पाइन्छ । त्यसैगरी बालबालिकाको रूचि र क्षमताअनुसारका शैक्षिक सामग्री खोजी गरी प्रयोग गर्न तथा बालकको बौद्धिक क्षमता विस्तार गर्नसमेत यो सिद्धान्त प्रयोगमा ल्याउन सकिने देखिन्छ । यति हुँदा हुँदै पनि यस सिद्धान्तले बताए झैँ सबै बालबालिकामा एकै प्रकृतिले र उस्तै उमेरमा संज्ञानात्मक विकास हुँदैन (शर्मा र शर्मा, २०६८) भनी यो सिद्धान्त

आलोचित देखिन्छ तथापि भाषा शिक्षण सिकाइका क्षेत्रमा यस दर्शनको महत्वपूर्ण प्रभाव रहेको कुरालाई सम्बन्धित सबैले स्वीकारेको पाइन्छ ।

उपर्युक्त सैद्धान्तिक मान्यताहरूका आधारमा व्यवहारवाद र मनोवाद तथा भाषा शिक्षणका सिद्धान्तहरू एकआपसमा अन्तरसम्बन्धित रहेका छन् । व्यवहारवादको जस्तो नियन्त्रित वातावरण अनि मनोवादको झैँ सिकारुको रुचि, क्षमता र चाहनाहरूलाई ध्यानमा राखेर भाषा शिक्षण सिकाइ गर्न गराउन सके फलदायी बन्ने बुझाइका साथ यी दुवै दर्शन तथा भाषा शिक्षणका सिद्धान्तहरूसमेतलाई अध्ययनको सैद्धान्तिक जग स्वीकारी प्रस्तुत लेखमा यिनै दुई दर्शनका मान्यताहरू भाषा शिक्षण सिकाइका क्षेत्रमा के कसरी प्रयोग हुन्छन् भन्ने कुराको खोजी गरिएको छ। लेखमा यी दुई दर्शनका मूलभूत मान्यताकै आधारमा व्यवहारवादी दर्शन र भाषा शिक्षण तथा मनोवादी दर्शन र भाषा शिक्षण गरी दुई उपशीर्षकमा केन्द्रित रही विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यसमा उल्लिखित दर्शनका सूक्ष्म मान्यता एवम् भाषा सिकाइ सम्बन्धी मान्यताहरूलाई केलाइएको छैन तथापि व्यवहारवादी मनोवादी आधारभूमिमा रहेर भाषा शिक्षण सिकाइको अध्ययन गर्ने भावी अध्येताहरूका लागि भने प्रस्तुत लेख आधार सामग्रीका रूपमा रहने अपेक्षा गरिएको छ ।

## परिणाम र छलफल

विद्यमान परिवेशमा उल्लिखित व्यवहारवादी एवम् मनोवादी दर्शनकै धरातलमा टेकेर भाषा शिक्षण गर्ने गरिएको पाइन्छ । भाषा शिक्षणका विभिन्न सिद्धान्तहरू रहेका छन्, जुन सिद्धान्तहरूलाई भाषा शिक्षण गर्दा अवलम्बन गरिन्छ । यी सिद्धान्तहरूमा अभ्यास र पुनरावृत्ति, वैयक्तिक भिन्नता, स्तरीयता र उपयुक्तता, स्तरण र क्रमबद्धता, रुचिपूर्णता, कक्षा सहभागिता, भाषिक झाँकको प्रयोग, शिक्षण प्रक्रियामा विविधता, पूरक सामग्रीको प्रयोग, एककालिक, एकीकृत कार्यक्रम, मूल्याङ्कनमा नियमितता, योजनाबद्ध शिक्षण आदि पर्दछन् (शर्मा र पौडेल, २०६६, पृ. ७-१४) । यी सिद्धान्तहरू भाषा शिक्षणका क्षेत्रमा व्यवहारवादी र मनोवादी दर्शनकै उपजका रूपमा रहेका छन् । व्यवहारवादले नियन्त्रित वातावरणमा अभ्यास र पुनरावृत्ति गराउँदै निश्चित पाठ्यक्रम र पाठ्यपुस्तक, नियम र पद्धतिमा भाषा शिक्षण गर्नुपर्छ भनेको र मनोवादले बालबालिकाहरूका अन्तर्निहित भाषिक सक्षमताहरूलाई विभिन्न प्रक्रियामार्फत उजागर गर्नुपर्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ । अतः भाषा शिक्षणका सिद्धान्तहरू पनि यिनै दर्शनमा कुनै न कुनै रूपले सम्बन्धित रहेको हुँदा भाषा शिक्षणमा व्यवहारवादी मनोवादी दर्शनको प्रभाव छ भन्न सकिन्छ । यसर्थ यस खण्डमा व्यवहारवादी र मनोवादी दर्शनको भाषा शिक्षण सिकाइका क्षेत्रमा रहेको प्रभावलाई चर्चा गरिएको छः

## व्यवहारवादी दर्शन र भाषा–शिक्षण

व्यवहारवादी दर्शनको भाषा शिक्षण पद्धति र दृष्टिकोणहरूमा महत्वपूर्ण प्रभाव रहेको देखिन्छ। व्यवहारवाद एक मनोवैज्ञानिक सिद्धान्त भएकाले यसले अवलोकनयोग्य व्यवहार एवम् सिकाइ र यसको विकासमा बाह्य उत्तेजनाको प्रभावलाई जोड दिन्छ। भाषा शिक्षणको सन्दर्भमा व्यवहारवाद पुनरावृत्ति, सुदृढीकरण र अनुकूलनमार्फत् भाषा संरचना र ढाँचाहरूको स्पष्ट शिक्षणमा केन्द्रित छ। यसका अनुसार सिकाइ उत्तेजना-प्रतिक्रियाको परिणाम हो। भाषा सिकाइमा विद्यार्थीहरूलाई विशिष्ट भाषिक उत्तेजनाहरू जस्तै शब्दावली वा वाक्य ढाँचाहरू र तिनीहरूबाट लक्षित प्रतिक्रियाहरूका साथ यो सिद्धान्त प्रयोगमा ल्याउन सकिन्छ। उदाहरणका लागि शिक्षकहरूले नेपाली भाषा शिक्षण गर्दा शब्दहरू प्रस्तुत गरी विद्यार्थीहरूलाई सम्बन्धित शब्दहरूको उच्चारण, अर्थबोध एवम् वाक्य निर्माण गर्न लगाई भाषिक अभ्यास गराउन सक्छन् भने उक्त सिकाइलाई दिगो एवम् भरपर्दो बनाउन पुनरावृत्ति गराउँदै सुदृढीकरणमा जोड दिन सक्छन्। भाषा शिक्षकहरूले विद्यार्थीहरूका भाषिक ढाँचा र संरचनाहरूलाई सुदृढ गराउन ड्रिलिंग र अभ्यासात्मक क्रियाकलापहरू जस्ता गतिविधिहरू प्रयोग गर्छन् र यसबाट विद्यार्थीहरूमा भाषिक सक्षमताको विकास हुन्छ। पुनरावृत्तिले विद्यार्थीहरूलाई भाषिक सिपहरूमा समर्थ बनाउनुका साथै त्यसको प्रयोगमा समेत सक्षम बनाउन सकिन्छ। यस दर्शनले विद्यार्थीहरूमा इच्छित व्यवहारहरूलाई प्रोत्साहित गर्न सकारात्मक सुदृढीकरणको प्रयोगका लागि वकालत गरेको पाइन्छ। भाषा शिक्षणमा शिक्षकहरूले सही भाषा प्रयोगलाई सुदृढ पार्न र विद्यार्थीहरूलाई भाषा प्राप्तितर्फ उत्प्रेरित गर्न सकारात्मक प्रतिक्रिया, प्रशंसा, पुरस्कार वा ग्रेडहरू प्रदान गर्न सक्छन् जसले सही भाषा उत्पादन र सकारात्मक परिणामहरूबीचको सम्बन्धलाई बलियो बनाउँछ। यस शैक्षिक दर्शनले सिकाइमा साहचर्य र बानी निर्माणको भूमिकालाई महत्व दिएको छ। भाषा शिक्षकहरूले सिकाइ वातावरण सिर्जना गर्छन् जहाँ विद्यार्थीहरूले भाषा नमुना, अभ्यास र प्रतिक्रियाहरूमा पुनरावृत्तिका साथ भाषा बानीहरू विकास गर्न सक्छन्। यसले विद्यार्थीहरूलाई सही भाषा प्रयोगका साथै भाषिक प्रवाहको विकास गर्नसमेत मद्दत गर्दछ। त्यसैगरी यसले स्पष्ट रूपमा परिभाषित व्यवहार एवम् उद्देश्यहरूको महत्वलाई जोड दिन्छ। भाषा शिक्षणमा शिक्षकहरूले भाषा प्राप्तिका लागि विशिष्ट र मापनयोग्य लक्ष्यहरू जस्तैः विशिष्ट व्याकरण संरचना वा शब्दभण्डार निर्धारण गरेर विद्यार्थीहरूको सम्बन्धित क्षेत्रमा भएको उपलब्धि मूल्याङ्कन एवम् आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्छन्। यस दर्शनले भाषाका गलत ढाँचाहरूको सुदृढीकरण रोक्न त्रुटिहरूलाई तुरुन्तै र निरन्तर रूपमा सच्याउन पनि भाषा शिक्षकलाई मार्गदर्शन गरेको पाइन्छ। भाषा शिक्षकहरूले विद्यार्थीहरूलाई सिक्तै गरेको भाषाका सही नियम र संरचनाहरूतर्फ मार्गदर्शन गर्न तथा सुधारात्मक शिक्षणमा संलग्न गराउन सक्छन् जसले विद्यार्थीहरूलाई उनीहरूको भाषा व्यवहार परिमार्जन गर्न र सही भाषा प्रयोगलाई सुदृढ गर्नसमेत मद्दत गर्दछ।

विद्यार्थीहरूका अनपेक्षित व्यवहारलाई हटाउँदै अपेक्षित व्यवहार निर्माण गर्न अथवा अपेक्षित व्यवहारहरूलाई पुनरावृत्ति गर्न पुनर्बलको आवश्यकता पर्ने दृष्टिकोण व्यवहारवादी दर्शनले अघि सारेको पाइन्छ । यसले सिकारुहरूका नराम्रा बानी व्यवहारहरूलाई हटाउनका साथै सकारात्मक व्यवहारहरूलाई दोहोऱ्याउन पुरस्कार र दण्डको भूमिका अपरिहार्य हुने मान्यता राखेको छ जुन शिक्षाका क्षेत्रमा सर्वाधिक प्रयोगमा रहेको पाइन्छ । यो सिद्धान्त सिकारुका वाञ्छनीय व्यवहारहरूलाई बढावा दिन तथा अवाञ्छनीय व्यवहारहरूलाई निरूत्साहित गर्न बढी उपयोग हुने गरेको देखिन्छ । कक्षा कोठामा यसको उपयोग पूर्णतः लाभदायी हुन सक्छ भन्ने यसका पक्षधर विद्वानहरूको अभिमत रहेको पाइन्छ । फेरि भाषा शिक्षणका क्षेत्रमा हाम्रो अभ्यास पनि यसै प्रकृतिको रहेको छ जहाँ विद्यार्थीहरूलाई निश्चित परिघेरामा राखी नियम तथा पद्धतिको नियन्त्रित वातावरण सिर्जना गरी भाषाका सिप एवम् प्रकार्यहरूको शिक्षण सिकाइ सञ्चालन गरिन्छ । यसकारण भाषा शिक्षण तथा सिकाइका क्षेत्रमा यो दर्शन प्रभावशाली रहेको पाइन्छ ।

समग्रमा व्यवहारवादी दर्शनले विद्यमान पाठ्यक्रम डिजाइन, शिक्षकको भूमिका, विद्यार्थीको भूमिका र व्यवहारका साथै शिक्षण सिकाइ क्रियाकलापहरूका साथै भाषा शिक्षण र सिकाइका विभिन्न पक्षहरूमा प्रभाव पारेको देखिन्छ जसलाईसङ्क्षेपमा यहाँ प्रस्तुत गरिएको छ :

**व्यवहारवाद र भाषा पाठ्यक्रम**

व्यवहारवादले अवलोकनयोग्य व्यवहारको महत्व र व्यवहारलाई आकार दिन सुदृढीकरणको भूमिकालाई जोड दिन्छ । भाषा पाठ्यक्रमको सन्दर्भमा यसले भाषा सिकाइलाई व्यवस्थित, संरचित र क्रमबद्ध निर्देशनमार्फत सहज बनाउन सकिन्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ । व्यवहारवादी दर्शन स्पष्ट रूपमा परिभाषित भाषा उद्देश्यहरू, सिकाइ कार्यकलापहरू र इच्छित भाषिक व्यवहारहरूलाई सुदृढ पार्न तथा प्रशंसा वा पुरस्कारको प्रयोग गर्दै सिकारुहरूमा भाषा तथा यसका सिपहरूको विकास गराउन सक्षम एवम् नियन्त्रित पाठ्यक्रम डिजाइन गर्न उपयोगी रहेको देखिन्छ ।

**व्यवहारवाद र भाषा शिक्षक**

व्यवहारवादी दृष्टिकोणबाट भाषा शिक्षकले शिक्षण प्रविधि र रणनीतिहरूको प्रयोग गरेर सिकाइलाई सहज बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ । शिक्षकले एक सहजकर्ताको रूपमा कार्य गर्दछ, जसले स्पष्ट निर्देशनहरू प्रदान गर्दछ । विद्यार्थीहरूमा लक्षित भाषिक सिपहरू र इच्छित भाषा व्यवहारहरूलाई प्रोत्साहित गर्न तथा भाषिक व्यवहारलाई परिमार्जित एवम् सुदृढीकरण गर्नसमेत यस दर्शनको अहम् भूमिका रहेको पाइन्छ । जस्तो कि भाषा शिक्षकले विद्यार्थीहरूका भाषिक व्यवहारहरूलाई अवलोकन गर्दै उनीहरूका यस्ता व्यवहारहरूलाई परिष्कृत गर्न र शुद्ध, स्पष्ट र मानक भाषा प्रयोगका लागि प्रोत्साहन गर्न सक्छन् । त्यसैगरी व्यवहारवादी दृष्टिकोणले

सकारात्मक र सहयोगी सिकाइ वातावरण सिर्जना गर्न, तुरुन्त प्रतिक्रिया प्रदान गर्न र विद्यार्थीहरूलाई सही भाषा प्रयोगको दिशामा मार्गदर्शन गर्न जस्ता क्रियाकलापहरूमा शिक्षकको भूमिकालाई जोड दिएको देखिन्छ ।

**व्यवहारवाद र भाषा विद्यार्थी**

व्यवहारवादले शिक्षार्थीलाई सिकाइ प्रक्रियामा सक्रिय सहभागीको रूपमा हेर्छ । यसले अवलोकनयोग्य व्यवहारहरूको श्रृङ्खलामार्फत भाषा प्राप्ति हुन्छ भन्ने विश्वास राख्दछ । यसमा विद्यार्थीहरूलाई भाषा सिक्ने गतिविधिहरूमा संलग्न हुन, भाषिक सिपहरू अभ्यास गर्न र सही प्रतिक्रियाहरूका लागि सुदृढीकरण प्राप्त गर्न प्रोत्साहित गरिन्छ । व्यवहारवादले वाञ्छित भाषा व्यवहारलाई बलियो बनाउन र भाषा अधिग्रहणलाई बढावा दिनको लागि पुनरावृत्ति गर्ने, अभ्यास र सकारात्मक सुदृढीकरणको महत्वलाई समेत जोड दिएको छ जुन भाषा सिकाइका क्षेत्रमा अत्यधिक प्रयोगमा रहेको छ । उदाहरका लागि भाषा सिक्दै गरेका विद्यार्थीहरूले गर्ने उच्चारण, वर्णविन्यास, शब्द प्रयोग, वाक्यगठन, अनुच्छेद निर्माण र सिलसिला आदि जस्ता क्षेत्रहरूमा विद्यार्थीहरूलाई प्रयत्न र भूलको मान्याताअनुरूप पुनर्बल र प्रतिक्रियाका आधारमा सक्रिय बनाउँदै भाषा प्राप्तिमा यस दर्शनले जोड दिएको पाइन्छ ।

**व्यवहारवाद, भाषा–शिक्षण सिकाइ र क्रियाकलाप**

व्यवहारवादी दर्शन भाषा शिक्षण सिकाइ कार्यकलाप निर्माण गर्न समर्थ रहेको पाइन्छ भने आगामी दिनहरूमा पनि यसलाई उक्त क्षेत्रमा प्रयोग गर्न सकिन्छ किनकि यो अवलोकनयोग्य व्यवहार र इच्छित भाषा परिणामहरूको सुदृढीकरणमा केन्द्रित हुन्छ । भाषिक क्रियाकलापहरूमा भाषा कौशल विकास गर्ने उद्देश्यले अभ्यास, पुनरावृत्तिमूलक अभ्यास र संरचित अभ्यास कार्यहरू समावेश गरिएको पाइन्छ जसमा व्यवहारवादी दर्शन महत्वपूर्ण कोशेढुङ्गा बनेको छ । विद्यार्थीहरूलाई सही भाषा उत्पादनतर्फ मार्गदर्शन गर्न व्यवहारवादी दर्शनले प्रेरित गतिविधिहरूमा तत्काल प्रतिक्रिया, सकारात्मक सुदृढीकरण र सुधारात्मक उपायहरूको प्रयोगका लागि पनि प्रभावकारी भूमिक खेलेको देखिन्छ । उदहरणका लागि यस दर्शनको नियन्त्रित वातावरणमा अपेक्षित व्यवहार एवम् भाषिक सक्षमताहरू हासिल गराउन गरिने सोद्देश्यमूलक कार्यक्रमबद्ध सिकाइ भाषा शिक्षण सिकाइका क्षेत्रमा निकै प्रचलित र प्रभावकारी रहेको छ जसको नेपाली भाषा शिक्षण सिकाइका क्षेत्रमा पनि उपयोग गरिएको पाइन्छ ।

उपर्युक्त सकारात्मक पक्षहरू हुँदाहुँदै पनि भाषा शिक्षणमा व्यवहारवादका सीमितताहरू पनि छन् । यसले मुख्य रूपमा अवलोकनयोग्य व्यवहारहरूमा मात्र भाषा केन्द्रित हुन्छ भन्ने मान्यता राखेको छ । संज्ञानात्मक प्रक्रियाहरू, रचनात्मकता र भाषा सिकाइमा व्यक्तिगत भिन्नताहरूलाई बेवास्ता गरेको छ जुन सिकारुहरूका विभिन्नता एवम् भाषिक क्षमताका विरुद्ध छ । तथापि

समकालीन भाषा शिक्षणका दृष्टिकोणले यस दर्शनका राम्रा पक्षहरूलाई उपयोगमा ल्याउँदै अन्य सिकाइसम्बद्ध दर्शनहरूलाई पनि साथमा प्रयोग गर्न सके भाषा शिक्षण दिगो र प्रभावकारी हुनुका साथै सिकाइ पनि सार्थक बन्ने देखिन्छ । यसले प्रदान गरेको भाषा शिक्षणको लागि महत्वपूर्ण प्रविधि एवम् रणनीतिहरूलाई संज्ञानात्मक दृष्टिकोणका पूरक पक्षहरूसँग एकाकार गर्दै भाषा शिक्षण सिकाइ गर्न सके उपलब्धिमूलक सिकाइ हुन सक्छ । यसरी व्यवहारवादी दृष्टिकोणको संज्ञानवादसँग संयोजन गर्दै भाषा सिकाइमा संलग्न बाह्य व्यवहार र आन्तरिक संज्ञानात्मक प्रक्रियाहरू दुवैलाई विचार गर्न सके भाषा शिक्षण थप व्यापक र प्रभावकारी बन्न सक्छ । एकीकृत पद्धति अपनाएर भाषा शिक्षकहरूले आकर्षक र अर्थपूर्ण सिकाइ अनुभवहरू सिर्जना गर्न सक्छन् जसले भाषा कौशलको अधिग्रहण र सफल भाषा प्रयोगको लागि आवश्यक संज्ञानात्मक क्षमताहरूको विकास दुवै पक्षलाई उपलब्धिमूलक बनाउने देखिन्छ ।

**मनोवादी/संज्ञानात्मक दर्शन र भाषा शिक्षण**

मनोवादी दर्शन सिक्ने, स्मरण, समस्या समाधान र भाषा अधिग्रहणमा संलग्न मानसिक प्रक्रियाहरूमा केन्द्रित सिकाइ सिद्धान्तका रूपमा चिनिने दर्शन हो । यस सिद्धान्तले संज्ञानात्मक क्षमताका आधारमा ज्ञान र समझ निर्माण गर्न सिकारुहरूको सक्रिय भूमिकालाई जोड दिन्छ। यस दर्शनले बालबालिकाको संज्ञान अर्थात् अन्तर्निहित भाषिक शक्तिलाई विशेष जोड दिन्छ । यसले धारणा, ध्यान, स्मरण र समस्या समाधान जस्ता भाषा सिकाइमा संलग्न सक्रिय मानसिक प्रक्रियाहरूलाई जोड दिन्छ । यस दर्शनअनुसार भाषा शिक्षकहरू संज्ञानात्मक संलग्नता एवम् भाषा ग्रहण र प्रशोधनलाई बढावा दिने अर्थपूर्ण र अन्तरक्रियात्मक भाषिक कार्यहरूमा विद्यार्थीहरूलाई संलग्न गराउनमा केन्द्रित हुन्छन् । भाषा अधिग्रहणले ज्ञानलाई व्यवस्थित गर्ने मानसिक योजना वा संज्ञानात्मक ढाँचाहरूको निर्माण र सक्रियतालाई जोड दिन्छ। भाषा शिक्षणबाट विद्यार्थीहरूलाई अर्थपूर्ण सन्दर्भहरू, प्रमाणिक सामग्रीहरू र वास्तविक-विश्व भाषा प्रयोगका लागि अवसरहरू प्रदान गरेर सान्दर्भिक योजनाहरूको विकास गर्न र सक्रिय हुन प्रोत्साहित गर्नु मनोवादी दर्शनको मूल मान्यता रहेको छ । यसले विद्यार्थीहरूको जागरूकता र सिकाइ प्रक्रियाहरूको नियन्त्रण जस्ता अभिसंज्ञानात्मक रणनीतिहरूको महत्वलाई जोड दिन्छ । भाषा शिक्षकहरूले विद्यार्थीहरूलाई लक्ष्यहरू निर्धारण गर्न, उनीहरूको सिकाइ प्रगतिको अनुगमन गर्न, भाषा कार्यसम्पादनको स्व-मूल्याङ्कन गर्न र प्रभावकारी सिकाइ रणनीतिहरू उपयोग गर्न निर्देशन दिएर अभिसंज्ञानात्मक सिपहरू विकास गर्न मद्दत गर्छन् ।

मनोवादी दर्शन व्यवहारवादले बालबालिकाहरूलाई एउटा मेसिनसरह ठानी उनीहरूमा भाषिकलगायतका सिपहरू विकास गर्न जोड दिने गरेको परिस्थितिका विरुद्ध प्रकाशमा आएको आधुनिक सिकाइ दर्शन हो । यसलाई व्यवहारवादको पूरक दृष्टिकोणका रूपमा पनि लिने गरिन्छ । यसले सिकारुका आन्तरिक मानसिक प्रक्रियाहरू, भावनाहरू र भाषा सिकाइमा व्यक्तिगत

भिन्नताहरूको महत्वलाई मान्यता दिन्छ जुन व्यवहारवादभन्दा बिल्कुलै भिन्न छ। नियन्त्रित वातावरणममा सिकाइ हुने व्यवहारवादी मान्यताभन्दा फरक स्वतन्त्र वातावरणमा आफ्नै अन्तर्निहित भाषिक सिपलाई उजागर गर्न सिकारुलाई सक्षम बनाउनु पर्दछ भन्ने यस दर्शनले आधुनिक भाषा शिक्षणका क्षेत्रमा ठुलो प्रभाव पारेको छ । यद्यपि एउटा भाषा शिक्षकले व्यवहारवादी र मनोवादी दुवै दर्शनका उपयोगी मान्यताहरूलाई उपयोग गर्दै शिक्षण सिकाइ गर्न सके सिकाइ प्रभावकारी र उपलब्धिमूलक बन्ने कुरामा विश्वस्त हुन सकिन्छ । यसरी यी दुवै दर्शनहरूको एकीकृत स्वरूपको प्रयोगले व्यापक र सिकारुकेन्द्रित शिक्षण वातावरण सिर्जना गराई बालबालिकाहरूको भाषा अधिग्रहणको बाह्य र आन्तरिक दुवै पाटाहरूलाई सबल बनाउन सकिन्छ ।

मनोवादी दर्शन भाषा शिक्षण र सिकाइमा महत्वपूर्ण, चर्चित र प्रभावी दर्शनका रूपमा परिचित छ । यसले भाषा पाठ्यक्रम निर्माण, भाषा शिक्षकको भूमिका, भाषा विद्यार्थीको प्रकति एवम् भाषा शिक्षण सिकाइ कार्यकलापहरूलाई निर्देशित गरेको देखिन्छ जसलाई यहाँ सङ्क्षेपमा चर्चा गरिएको छः

## मनोवाद, भाषा र पाठ्यक्रम

मनोवादले भाषा सिक्ने र ज्ञान प्राप्त गर्नमा स्मृति, ध्यान र समस्या समाधान जस्ता मानसिक प्रक्रियाहरूको भूमिकालाई जोड दिएको पाइन्छ । भाषा पाठ्यक्रमको सन्दर्भमा यसले विद्यार्थीहरूलाई भाषासँग सक्रिय रूपमा संलग्न हुन, संज्ञानात्मक रणनीतिहरू लागू गर्न र अर्थपूर्ण सहभागिताहरू निर्माण गर्नुपर्छ भन्ने दृष्टिकोण अघि सारेको देखिन्छ । यस दृष्टिकोणको भाषा पाठ्यक्रमले सिकारुको अन्तर्निहित संज्ञान पक्षलाई जोड दिँदै आलोचनात्मक समझ एवम् रचना कौशल, संज्ञानात्मक जागरूकता र उच्च दक्षतायुक्त भाषिक क्षमताहरूको विकासमा ध्यान केन्द्रित गर्ने लक्ष्य राखेको देखिन्छ । भाषा सिकाइ व्यक्तिको जन्मजात क्षमताबाट हुन्छ जुन उमेर र वातावरणको उपयुक्ततासँगै परिष्कृत हुँदै जान्छ भन्ने यस दर्शनले पूर्व निधारित रणनीतिहरू भन्दा तत्कालीन एवम् बालबालिकाहरूको सिकाइ क्षमताका आधारमा भाषा पाठ्यक्रम बन्नुपर्छ भन्ने दृष्टिकोण लिएको देखिन्छ । अतः मनोवादीहरूले बालबालिकाहरूको व्यक्तिगत भाषिक क्षमतालाई जोड दिने खालको सिकारुकेन्द्री पाठ्यक्रमको पक्षमा वकालत गरेका छन् र सोहीअनुसार वर्तमान नेपाली भाषा पाठ्क्रमहरूमा समेत सिकारुकेन्द्री सिकाइ कार्यकलापहरू राखिएको पाइन्छ ।

## मनोवाद र भाषा शिक्षक

भाषा शिक्षकले अर्थपूर्ण र चुनौतीपूर्ण सिकाइ अनुभवहरू प्रदान गरेर सिकाइलाई सहज बनाउन महत्वपूर्ण भूमिका खेल्छ भन्ने दृष्टिकोण मनोवादी दर्शनको रहेको देखिन्छ । शिक्षकले विद्यार्थीहरूमा संज्ञानात्मक रणनीतिहरू, संज्ञान सिपहरू र समस्या समाधान गर्ने क्षमताहरू विकास गराउन लागि पर्नुपर्छ भन्ने यस दर्शनले सिकारुहरूको सक्रिय संलग्नतामा भाषा सिकाइ हुन्छ भन्दै

शिक्षकहरूलाई पनि सोही दृष्टिकोणअनुरूप परिचालित गराउनुपर्ने मत राखेको छ । त्यसैगरी विद्यार्थीहरूलाई उनीहरूका आफ्नै सोच तथा सिकाइ प्रक्रियाहरूद्वारा भाषिक प्रतिविम्बिन गर्दै भाषा प्राप्तिका लागि प्रोत्साहित गर्नुपर्ने शिक्षकको भूमिका यस दर्शनले उल्लेख गरेको पाइन्छ । अतः शिक्षक एक उत्प्रेरक एवम् सहजकर्ताका रूपमा रहने मनोवादीहरूको दृष्टिकोण रहेको पाइन्छ ।

## मनोवाद र भाषा विद्यार्थी

मनोवादले विद्यार्थीहरूलाई ज्ञान र अर्थ निर्माणमा सक्रिय सहभागीको रूपमा हेर्छ । यसले भाषा सिकाइमा सिकारुहरूको पूर्व ज्ञान, संज्ञानात्मक प्रक्रियाहरू र संज्ञानात्मक जागरूकताको महत्त्वलाई जोड दिएको पाइन्छ । यसका अनुसार विद्यार्थीहरूलाई संज्ञानात्मक रणनीतिहरू लागु गर्न प्रोत्साहित गरिन्छ । प्राप्त भाषिक जानकारी व्यवस्थित गर्ने, भाषिक स्किमाहरू बनाउने, तिनीहरूको बुझाइ व्यवस्थित एवम् निगरानी गर्ने र तिनीहरूको सिकाइलाई नियमित र परिष्कृत गर्दै लैजाने जस्ता विद्यार्थीका स्वायत्तता र आलोचनात्मक सोच कौशलको विकासलाई बढावा दिएको पाइन्छ । अतः मनोवादी दर्शन सिकारुमैत्री वातावरणमा विद्यार्थीहरूको भाषिक सक्षमता अभिवृद्धि गर्ने दिशामा प्रवृत्त हुन्छ ।

## मनोवाद, भाषा शिक्षण सिकाइ र क्रियाकलाप

मनोवादोन्मुख भाषा शिक्षण सिकाइ कार्यकलापहरू विद्यार्थीहरूका संज्ञानात्मक प्रक्रियाहरूलाई संलग्न गराउन र उनीहरूको गहिरो विचारलाई बढावा दिनमा केन्द्रित देखिन्छन् । यसमा समस्या समाधान गर्ने कार्यहरू, आलोचनात्मक सोच अभ्यासहरू, अवधारणा नक्साङ्कन, प्रामाणिक पाठहरूको विश्लेषण र जानकारीको कल्पना गर्न ग्राफिक दृष्टिकोणहरूको प्रयोग समावेश गरिएको पाइन्छ । यी गतिविधिहरूले विद्याार्थीहरूको सोचाइलाई बल दिने, उनीहरूको भाषा सिकाइमा अर्थपूर्ण संलग्नतालाई बढावा दिने र संज्ञानात्मक ढाँचाभित्र भाषिक सिपहरूको विकासलाई समर्थन गर्ने उद्देश्य राख्छन् जुन विद्यमान भाषा सिकाइका क्षेत्रमा निकै उपलब्धिमूलक बनेको पाइन्छ ।

मनोवादी दर्शनले विद्यार्थीहरूको मानसिक प्रक्रिया र ज्ञानको सक्रिय निर्माण तथा आन्तरिक मानसिक प्रक्रियाहरूमा जोड दिँदै भाषा सिकाइमा अनुभूतिको भूमिकालाई विशेष महत्वका साथ लिई व्यवहारवादको पूरक पद्धतिका रूपमा स्वयम्लाई उभ्याएको पाइन्छ । भाषा शिक्षणमा संज्ञानात्मक सिद्धान्तहरू समावेश गरेर शिक्षकहरूले सिकाउने वातावरण सिर्जना गर्न सक्छन् । जसले विद्यार्थीहरूमा महत्वपूर्ण विचार र संज्ञानको उच्च क्रमलाई विकसित गराउँदै भाषिक सिपहरूको सहज प्राप्ति गराउन सक्छ ।

## निष्कर्ष

व्यवहारवाद र मनोवादले भाषा शिक्षणमा महत्वपूर्ण अन्तर्दृष्टि एवम् दृष्टिकोण राखेको छ जसले विद्यमान भाषा शिक्षण प्रभावित बनेको छ । व्यवहारवादले अवलोकनयोग्य व्यवहार, बानी निर्माण र

भाषा सिकाइलाई परिष्कृत गर्दै निश्चित आकार दिन वातावरणको भूमिकालाई जोड दिन्छ भने मनोवाद आन्तरिक मानसिक प्रक्रियाहरू, संज्ञानात्मक रणनीतिहरू र आलोचनात्मक सोचको विकासमा केन्द्रित हुन्छ । भाषा शिक्षणमा यी दुई दृष्टिकोणहरूलाई अलग अलग नभएर एकीकृत रूपमा प्रयोग गर्नु फलदायी हुने देखिन्छ । दुवै दर्शनका राम्रा र उपयोगी मान्यताहरूलाई एकीकृत गरे भाषा सिकाइमा संलग्न बाह्य व्यवहार र आन्तरिक संज्ञानात्मक प्रक्रियाहरू दुवैलाई सम्बोधन गर्दै व्यापक र उपलब्धिमूलक शिक्षण सिकाइ कार्य सम्भव हुन्छ । दुवैका पूरक पक्षहरूले भाषा शिक्षणका विभिन्न आयामहरूमा योगदान पुऱ्याउँछन् । व्यवहारवादी भाषा सिकाइ पद्धतिहरू जस्तै व्यवस्थित निर्देशन, स्पष्ट उद्देश्यहरू र सुदृढीकरणले भाषा पाठ्यक्रमको संरचना निर्माण गर्न सहज हुन्छ र विद्यार्थीहरूलाई आधारभूत भाषिक सिपहरूको प्राप्तिमा एउटा महत्वपूर्ण आधार निर्माण हुन्छ । अर्कोतर्फ मनोवादी दर्शनले सिकारुहरूको सक्रिय संलग्नता, संज्ञानात्मक जागरूकता र उच्चस्तरीय एवम् आलोचनात्मक सोच कौशलको विकासमा जोड दिन्छ जसले भाषासम्बन्धी गहिरो समझ र महत्वपूर्ण दक्षता हासिल गराउँछ । यी दुवै मान्यताहरूलाई एकीकृत गरेर भाषा शिक्षकहरूले भाषा सिकाइका बाह्य र आन्तरिक दुवै पक्षहरूलाई विचार गर्दै सन्तुलित शिक्षण दृष्टिकोण निर्माण गर्न सक्छन् । तिनीहरूले स्पष्ट उद्देश्यहरू, विकासशील चरणहरू र विद्यार्थीहरूलाई सक्रिय रूपमा संलग्न हुन, संज्ञानात्मक रणनीतिहरू लागु गर्न र उनीहरूको सिकाइ प्रक्रियामा प्रतिबिम्बित गर्ने अवसरहरू प्रदान गर्ने पाठ्यक्रम र सिकाइ कार्यकलापहरू डिजाइन गर्न सक्छन् । शिक्षकहरूले सहजकर्ताको रूपमा महत्वपूर्ण भूमिका खेल्दै मार्गदर्शन, प्रतिक्रिया र एक सहायक सिकाइ वातावरण सिर्जना गर्न सक्छन् जसले व्यवहार र संज्ञानात्मक विकासलाई प्रोत्साहन दिन्छ । भाषा शिक्षण सिकाइमा व्यवहारवाद र मनोवादको एकीकरणका धेरै फाइदाहरू छन् । यसबाट भाषा सिकाइलाई बढावा दिने दुवै अवलोकनयोग्य व्यवहार र संज्ञानात्मक प्रक्रियाहरूलाई ध्यानमा राखेर भाषा अधिग्रहणको विस्तृत बुझाइ प्रदान गर्दछ । यसले भाषाका सिकारुहरूबीच अर्थपूर्ण संलग्नता, आलोचनात्मक सोच र उच्चस्तरीय संज्ञानात्मक सिपहरूमा जोड दिन्छ । त्यसैगरी विद्यार्थीहरूका विविध आवश्यकताहरू एवम् सिकाइ प्रक्रियाहरूलाई सन्तुलित र राम्रो तरिकाले अनुभवसँग तादात्मीकरण गर्दछ जुन भाषा शिक्षण सिकाइका क्षेत्रमा निकै महत्वपूर्ण हुन्छ । दुवै दर्शनहरूलाई एकीकृत गर्दैगर्दा केही चुनौतीहरू पनि देखा पर्न सक्छन् । जस्तो कि बाह्य व्यवहारका परिणाम र आन्तरिक संज्ञानात्मक प्रक्रियाबिच सन्तुलन मिलाउँदै भाषा शिक्षण गर्नु जटिल हुन सक्छ जसले गर्दा सिकाइमा पनि जटिलता थपिई उद्देश्यानुरूप अथवा आवश्यकताअनुसारको भाषा प्राप्ति नहुन सक्छ । अतः यी दुवै दर्शनहरू भाषा शिक्षण सिकाइका क्षेत्रमा महत्वपूर्ण र उपलब्धिमूलक भए पनि यिनीहरूको समुचित उपयोग गर्दै र अन्य दर्शनहरूका समेत राम्रा पक्षहरूलाई समेट्दै प्रभावकारी भाषा शिक्षण सिकाइतर्फ अभिमुख हुनु आवश्यक छ ।

## सन्दर्भ ग्रन्थसूची


कुहन, दिन्ना (सन् १९७९). द एप्लिकेसन अफ पियाजेज थ्योरी अफ कग्निटिभ डिभालपमेन्ट टु एजुकेसन. *हार्भड एजुकेसनल रिभ्यू. मेरिडियन डट अलेनप्रेस डट कम.* https://doi.org/10.17763/haer.49.3.h70173113k7r618r.

काउन, फिलिप एन्डर्सन, लङ्गर, जोनास, हेभेनरिच, जुडिथ र नाथान्सन, मार्जोरी (सन् १९६९). सोसल लर्निङ एन्ड पियाजेज कग्निटिभ थ्योरी अफ मोरल डिभालपमेन्ट. *जोर्नल अफ पर्सोनालिटी एन्ड सोसल साइकोलोजी,* ११(३), २६१-२७४. https://doi.org/10.1037/h0027000.

पौडेल, नेत्रप्रसाद (२०६६). *नेपाली भाषा शिक्षण.* पैरवी प्रकाशन ।

मोल्ली भ्रौ र ब्राउन डेभिड (सन् २०१४). एजुकेसनल लर्निङ थ्योरिज. *डाल्टन स्टेट युनिभर्सिटी.* https://oer.galileo.usg.edu/education-textbooks.

लम्साल, रामचन्द्र, गौतम, वासुदेव र अधिकारी, गणेशराज (२०६२/२०६७). *नेपाली भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र शिक्षण पद्धति.* भुँडीपुराण प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०/२०७३). *नेपाली भाषा र साहित्य शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्माला शर्मा (२०६८), *शिक्षा मनोविज्ञान.* एम्.के. पब्लिसर एन्ड डिस्ट्रिब्युटर ।

सापकोटा, तीर्थराज र सपना अधिकारी (२०६८), *शैक्षिक मनोविज्ञान.* न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

स्टाट्स, अर्थर वाट्स (सन् १९८८). स्किनर्स थ्योरी एन्ड द इमोसन बिह्याबियर रिलेसनसिपः *इनिसिपयन्ट चेन्ज विथ मेजर इम्प्लिकेसन. अमेरिकन साइकोलाजिस्ट,* ४३(९), ७४७-७४८.https://doi.org/10.1037/0003-066X.43.9.747.b.

स्नाइटर, रोजर (सन् १९९९). द फिलोसोफिकल लिगेसी अफ बिह्याबियरिजम. *स्प्रिङ्गर डट कम.* https://doi.org/10.1007/978-94-015-9247-5.